बैठक नं. ५४

आज मिति २०८० चैत्र २५ गते, आइतबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***<u>उपस्थिति</u>***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

<u>विषयहरु :</u>

१. बिस्का जात्रा सम्बन्धमा ।

२. उपभोक्ता समिति सम्बन्धमा ।

३. विविध ।

<u>निर्णयहरु</u> :-

१. नेपाल मजदुर किसान पार्टीका सचिव एवम् संघीय सांसद माननीय श्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यतामा प्रसिद्ध विस्केट जात्रा सम्बन्धी सदभाव ऱ्याली र सद्भाव सभा देहाय बमोजिम अतिथिहरुको सहभागितामा गर्ने निर्णय गरियो :-

प्रमुख अतिथि: श्री प्रेम सुवाल, सचिव एवं संघीय सांसद, नेपाल मजदुर किसान पार्टी
सभापति : श्री सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका
श्री रजनी जोशी , उपप्रमुख, भक्तपुर नगरपालिका
श्री रोशनी कुमारी श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
श्री बसन्त भट्टराई , प्रमुख प्रशासकीय अधिकृत, भ.न.पा
प्रतिनिधि श्री इन्द्रबक्स गण, सुर्यविनायक ब्यारेक, भक्तपुर
श्री वेद विष्ट, प्र.उ.,महानगरीय प्रहरी परिसर, भक्तपुर
प्रतिनिधि श्री सशस्त्र प्रहरी बल, गुहेश्वरी गण
प्रतिनिधि श्री राष्ट्रिय अनुसन्धान विभाग, भक्तपुर
श्री खिमा वली, कार्यालय प्रमुख, गुठी संस्थान शाखा कार्यालय, भक्तपुर
श्री उपेन्द्र सुवाल, वडाअध्यक्ष, वडा नं. ४
श्री योगेन्द्रमान बिजुक्छें, वडाअध्यक्ष, वडा नं. ५

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई जग्गा एकीकरण तथा जग्गा विकास सहित आवास योजना सञ्चालन गर्ने पूर्ण अधिकार प्रदान गरेको, जग्गा एकीकरण तथा आवास योजना सञ्चालन गर्दा नगर प्रमुख व्यवस्थापन उपसमितिको संयोजक हुने कानूनी व्यवस्था रहे बमोजिम यस भक्तपुर नगरपालिका आफैले आर्थिक स्रोत व्यवस्थापन गरी देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजना सञ्चालन गर्दै आएको, उक्त आयोजना सञ्चालनको क्रममा आयोजना सञ्चालनको सहयोगका लागि पूर्व वडाध्यक्ष श्री रविन्द्र खर्बुजाको अध्यक्षतामा १५ सदस्यीय उपभोक्ता समिति मिति २०७१।१०।२५ मा गठन

भई उक्त उपभोक्ता समिति समेतको राय, सल्लाह र सहयोगबाट आयोजना हाल सम्पन्न हुने क्रममा रहेको ।

आयोजना सञ्चालन गर्दा आयोजनालाई सहयोग गर्न उपभोक्ता समिति गठन गर्ने सम्बन्धी व्यवस्था काठमाण्डौ उपत्यका विकास प्राधिकरण नियमावली, २०६८ को नियम २(ग) मा रहेको, उपभोक्ता समिति

गठन प्रक्रिया, दर्ता तथा निर्वाचन सम्बन्धमा उक्त नियमावलीमा कुनै व्यवस्था भएको नदेखिएको अवस्था समेत रहेको र आयोजना सञ्चालनमा सहयोगार्थ यस आयोजनामा उपरोक्त बमोजिम पहिले नै उपभोक्ता समिति गठन भई कार्यरत रहेको अवस्थामा आयोजना सम्पन्न हुने चरणमा आएर दर्तावाला उपभोक्ता समिति गठन र निर्वाचन गराउनु पर्ने भन्ने व्यहोराको पत्र प्राप्त हुँदा आयोजना समापनमा अझ ढिलाई हुन जान सक्ने तर्फ मध्यनजर गरी हाल विधिवत क्रियाशील रहेको उक्त उपभोक्ता समितिलाई नै निरन्तरता दिने निर्णय गरियो ।

३. विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ क ९०२५ बाको लोडरमा आवश्यक सामान मर्मत गरे वापत रु. ३९,१९४।- हाम्रो हेभी इकुपमेन्ट वर्कशप प्रा. लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाद्वारा संचालित BAB 7277 नं. को सफाई गाडीमा आवश्यक सामान मर्मत गरे वापत रु.६,१०२।- र FAA 0285 नं. सफाई गाडीमा आवश्यक सामान मर्मत गरे वापतको रु. ११,७५२। गरी जम्मा रु. १७,८५४। सिद्धि गणेश मोटर पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाद्वारा संचालित को १ स १६८७ नं. ट्राईसाईकलमा आवश्यक सामान मर्मत गरे वापत रु.२०,६५०।- लक्ष्मी अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिकाद्वारा संचालित BAB 7277 नं. सफाई गाडीको टायर पंचर टाले वापत रु.१,१५०।- तुल्सी राम हेंगजुलाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाद्वारा संचालित प्रेस ईकाईमा छपाई कार्य गर्दा खाना खाए वापत रु.१,४४०।- सुवर्ण भोजनालयलाई भुक्तानी दिने निर्णय गरियो ।

च. यस नपामा विभिन्न मितिमा आवश्यक फलफूल, दही उपलब्ध गराए वापत रु.२५,९५५।- आर. के. जुस सेन्टरलाई भुक्तानी दिने निर्णय गरियो ।